# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्सः७३

बैंक तथा वित्तीय संस्था नियमन विभाग


पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/१०/०७९/८० मितिः २०७९/११/१२

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(डा.गुणाकर भट्ट)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

# नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा संशोधन/परिमार्जन थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | बुँदा नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा.निर्देशन नं. २/०७८, बुँदा नं.४४ मा थप गरी क्रमसंख्या मिलान । | हाल नभएको । | **ऋणीले भुक्तान गर्नुपर्ने कर्जाको साँवा/ब्याज दायित्व भाखा नाघेको तीस दिनभित्र भुक्तान गरेमा पेनाल ब्याज लिन पाइने छैन । यो व्यवस्था २०८० जेठ मसान्तसम्ममा भुक्तानीको भाखा रहेको साँवा/ब्याजमा मात्र लागु हुनेछ । तर यदि कुनै ऋणीले छुट पाउने अवधिभित्र कर्जाको साँवा/ब्याज भुक्तानी नगरेमा पुर्वनिर्धारित शर्तबमोजिम सम्पूर्ण भाखा नाघेको अवधिको पेनाल ब्याज लिन यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।** |
| २. | इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा नं ८. को उपबुँदा (५) थप गरी क्रमसंख्या मिलान । | हाल नभएको । | **साना तथा मझौला उद्योग-व्यवसाय सञ्चालनलाई सहजीकरण गर्न बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको रु. २ करोडसम्मको कर्जालाई सम्बन्धित ऋणीको अनुरोधमा उद्योग- व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी एक पटकको लागि ऋणीले बुझाउनुपर्ने ब्याजको १० प्रतिशत रकम असूल उपर गरी देहायका शर्तहरुको अधीनमा रही कर्जाको पुनरसंरचना तथा पुनरतालिकीकरण गर्न सकिनेछ ।<br>(१) यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०८० असार मसान्तभित्र गरिसक्नु पर्नेछ ।<br>(२) यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्दा २०७९ पुस मसान्तमा सक्रिय वर्गमा वर्गीकरण भएको हुनुपर्नेछ ।<br>(३) उपर्युक्त बमोजिम पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जाहरुलाई असल वर्गमा वर्गीकरण गरी १.३ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।<br>(४) स्पष्ट आधार बिना पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएको पाइएमा इ.प्रा. निर्देशन नं. २/०७९ को बुँदा नं. ९ को उपबुँदा ४(क) अनुसार कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।** |

**नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा संशोधन/परिमार्जन थप व्यवस्था सम्बन्धमा**

| | | | |
|---|---|---|---|
| ३. | इ.प्रा. निर्देशन नं. १४/०७८ को बुँदा (३) मा संशोधन। | **कार्यालय समय सम्बन्धी व्यवस्था**<br>नेपाल राष्ट्र बैंक खुलेको दिन तथा यस बैंकको बैकिङ कार्यालयले बैकिङ कारोवार गर्ने समयसम्म इजाजतपत्रप्राप्त संस्थाहरुले अनिवार्य रुपमा आफ्नो कार्यालय खोली बैकिङ कारोवार सञ्चालन गर्नु पर्नेछ । तर, इजाजतपत्रप्राप्त संस्थाहरुले नेपाल राष्ट्र बैंक खुलेको दिन र समयका अतिरिक्त समय तथा अन्य विदाका दिन र समयमा आफ्नो कारोबार सञ्चालन गर्ने भएमा यस बैकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा लिखित रुपमा पूर्व जानकारी दिई कारोबार सञ्चालन गर्न सक्ने छन् । | **कार्यालय समयसम्बन्धी व्यवस्था**<br>**(क)** नेपाल राष्ट्र बैंक खुलेको दिन तथा यस बैंकको बैकिङ कार्यालयले बैकिङ कारोवार गर्ने समयसम्म इजाजतपत्रप्राप्त संस्थाहरुले अनिवार्य रुपमा आफ्नो कार्यालय खोली बैकिङ कारोवार सञ्चालन गर्नु पर्नेछ । तर, इजाजतपत्रप्राप्त संस्थाहरुले नेपाल राष्ट्र बैंक खुलेको दिन र समयका अतिरिक्त समय तथा अन्य विदाका दिन र समयमा आफ्नो कारोबार सञ्चालन गर्ने भएमा यस बैकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा लिखित रुपमा पूर्व जानकारी दिई कारोबार सञ्चालन गर्न सक्ने छन् ।<br>**(ख) यस बैंकबाट जारी भएको बैंक बिदाको सूचीका अतिरिक्त नेपाल सरकारबाट आकस्मिक बिदा घोषणा भएको दिन नगद कारोबार, चेक क्लियरिंग, RTGS लगायत अत्यावश्यक बैंकिंग सेवा प्रदान गर्न विहान १०:०० देखि दिउसो १:३० बजेसम्म इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आवश्यक विभाग तथा कार्यालय खुला राखी सेवा सुचारु गर्ने व्यवस्था मिलाउनुपर्नेछ।** |
| ४. | इ.प्रा. निर्देशन नं. १५/०७८ को बुँदा (१) को उपबुँदा ६ मा संशोधन। | (६) वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ्ग प्रणालीबाट प्राप्तहुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थाहरुमा खोलिएको वा खोलिने विप्रेषण (रेमिटयान्स) बचत खातामा निक्षेप राखेमा न्यूनतम १ प्रतिशत बिन्दु थप गरी ब्याजदर प्रदान गर्नु पर्नेछ। यस्तो निक्षेपको ब्याजदर उपबुँदा ५ र उपबुँदा ६ मा उल्लेखित ब्याजदर बीचको अन्तर गणना गर्दा छुट प्रदान गरिएको छ। | (६) वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ्ग प्रणालीबाट प्राप्तहुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थाहरुमा खोलिएको वा खोलिने विप्रेषण (रेमिटयान्स) बचत खातामा निक्षेप राखेमा, **सो खाताबाट रकमान्तर गरी खोलिएको मुद्दती खातामा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीले परिवारको नाममा पठाएको विप्रेषण रकम निजको परिवारले बचत/ मुद्दती निक्षेप खातामा राखेमा** न्यूनतम १ प्रतिशत बिन्दु थप गरी ब्याजदर प्रदान गर्नु पर्नेछ । यस्तो निक्षेपको ब्याजदर उपबुँदा ४ र उपबुँदा ५ मा उल्लेखित ब्याजदर बीचको अन्तर गणना गर्दा छुट प्रदान गरिएको छ। |

## नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा संशोधन/परिमार्जन थप व्यवस्था सम्बन्धमा

| | | | |
|---|---|---|---|
| ५. | इ.प्रा.निर्देशन नं. २१/०७८ को बुँदा २९ लाई हटाई क्रमसंख्या मिलान । | २९.ईजाजतपत्रप्राप्त "ख" र "ग" वर्गका वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रयोजनका लागि सम्पत्ति एवम् दायित्वको मूल्याङ्कन समेतको आधारमा तय भएको सेयर मूल्य अनुपात (Swap Ratio) का कारण फरक हुन आएको बचत (Surplus) रकमलाई बाँडफाँड नगरी सोझै पुँजीगत जगेडाकोषमा राख्नु पर्नेछ र त्यस्तो पुँजीगत जगेडाकोषमा रहेको रकमबाट इजाजतपत्रप्राप्त संस्थाले नगद लाभांश बाँड्न पाउने छैनन् । | **हटाउने ।** |